# काठमाडौं महानगरपालिका

## कोरोना भाइरस (COVID-19) सम्बन्धी राहत वितरण मापदण्ड, २०७६

प्रस्तावना: कोरोना भाइरसको संक्रमणलाई फैलन नदिन र यसको रोकथाम र नियन्त्रण गर्न सरकारले जारी गरेको लक डाउनबाट अत्यावश्यक सेवा वाहेक सबै सेवा वन्द गरेको, मानिसहरुलाई घर बाहिर निस्कन रोक लगाएकोले काठमाडौं महानगरपालिकामा बसोबास गर्दै आएका असाहय, अति विपन्न र दैनिक ज्यालादारी गर्ने व्यक्तिहरुको पहिचान गरी उनीहरुलाई तत्काल राहत उपलब्ध गराउन काठमाडौं महानगरपालिका नगर कार्यपालिकाको मिति २०७६।१२।१७ को बैठकले प्रस्तुत मापदण्ड तयार गरी लागू गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस मापदण्डको नाम “काठमाडौं महानगरपालिका कोरोना भाइरस (COVID-19) सम्बन्धी राहत वितरण मापदण्ड, २०७६” रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त लागू हुनेछ ।

२.परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा:

(क) **असहाय** भन्नाले अभिभावक नभएका, आफ्नो आयश्रोत तथा जायजात नभएका, अरुको सहयोग एवं सहारामा बस्दै आएका व्यक्तिलाई जनाउँछ  र यस शब्दले महानगरपालिका क्षेत्रमा सञ्चालित विभिन्न अनाथ आश्रम, बृद्धाश्रम, संरक्षण गृह, मन्दिर, गुम्बा, मस्जिद आदिमा आश्रित भएका व्यक्तिलाई समेत सम्झनुपर्दछ ।

(ख) **अति विपन्न** भन्नाले आम्दानीको कुनै स्थायी श्रोत नभएका, दैनिक जीवन गुजारा गर्न धौ धौ पर्ने सम्बन्धित वडाले अति विपन्न हो भनी प्रमाणित गरेका व्यक्ति र परिवार समेतलाई जनाउँछ ।

(ग) **दैनिक ज्यालादारीमा काम गर्ने व्यक्ति** भन्नाले संगठित संस्थामा काम गर्ने बाहेक काठमाडौं महानगरमा विगत देखि दैनिक रुपमा ज्याला मजदुरी गर्दै आएका, भरिया लगायतलाई दैनिक ज्यालादारीमा काम गर्ने कामदार तथा मजदुरलाई जनाउँछ ।

(घ) **राहत** भन्नाले यस मापदण्ड बमोजिम असाह्य, अति विपन्न र दैनिक ज्यालादारीमा काम गर्ने व्यक्तिलाई उपलब्ध गराउने खाद्य पदार्थ, खाद्य सामाग्री र आर्थिक सहयोगलाई जनाउँछ ।

(ङ) **महानगरपालिका** भन्नाले काठमाडौं महानगरपालिका, नगर कार्यापालिकाको कार्यालयलाई जनाउँछ ।

(च) **वडा** भन्नाले महानगरपालिका अन्तर्गतको वडा समितिलाई जनाउँछ र यस शब्दले वडा कार्यालयलाई समेत सम्झनुपर्दछ ।

**२. विवरण संकलन गर्ने:** (१) वडाले आफ्नो क्षेत्रभित्रको असहाय, अति विपन्न र दैनिक ज्यालादारीमा काम गर्ने व्यक्तिको अनुसूची-१ बमोजिमको ढाँचामा विवरण संकलन गर्नु पर्नेछ ।

(२) माथि उपदफा (१) बमोजिमको विवरण संकलन गर्न वडाले वडाका पदाधिकारी एवं कर्मचारीलाई जिम्मेवारी तोक्न सक्नेछ ।

**३. विवरण तयार गर्ने:** यस मापदण्ड बमोजिम राहत वितरण गर्ने प्रयोजनको लागि माथि दफा २ बमोजिम संकलित विवरण उपर वडा समितिले आवश्यक अध्ययन र छानविन गरी यस मापदण्ड बमोजिम असहाय, अति विपन्न र दैनिक ज्यालादारीमा काम गर्ने व्यक्तिहरुको विवरण तयार गर्नेछ ।

**४. राहत वितरण:** (१) यस मापदण्ड बमोजिम असहाय, अति विपन्न र दैनिक ज्यालादारीमा काम गर्ने व्यक्तिहरुको विवरणमा उल्लेखित व्यक्ति वा परिवारलाई अनुसूचि-२ बमोजिम खाद्य सामाग्रीहरुको एकीकृत प्याकेट बासस्थानमा नै पुर्‍याउने व्यवस्था वडाले मिलाउनु पर्नेछ ।

(२) यस दफा बमोजिम राहत वितरण गर्दा वडाले सम्बन्धित प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य, राष्ट्रिय स्तरका पार्टिका स्थानीय प्रतिनिधिहरु र प्रहरीसँग समन्वय गर्नेछ ।

(३) वडाले आवश्यक ठानेमा असहाय र अति विपन्न व्यक्तिलाई लक्षित गरी तयारी खाना, खाजा वितरणको व्यवस्था समेत गर्न सक्नेछ ।

**५. अन्य संस्थाको सहयोग परिचालन गर्न सक्ने**: कुनै धार्मिक, परोपकारी वा यस्तै उद्देश्य भएको संस्थाले असहाय, अति विपन्न र दैनिक ज्यालादारीमा काम गर्नै व्यक्तिलाई खाना, खाजा र यस्तै खाद्य पदार्थ एवं सामाग्री वितरण गर्न चाहेमा एकद्वार नीति बमोजिम यस मापदण्ड बमोजिमको राहत सामाग्रीहरुको प्याकेट बनाउन लगाई वडामार्फत मात्र वितरणको व्यवस्था मिलाउनु पर्नेछ ।

**६. खरिद व्यवस्था:** (१) यस मापदण्ड बमोजिम तोकिएको राहत सामाग्री खारिद लेखा संकेत नं. ८६०२०३, महामारी तथा अन्य रोग नियन्त्रण कार्यक्रम शीर्षकमा वडामा निकासा हुने बजेट रकमबाट खर्च गर्ने गरी गर्न सकिनेछ ।

(२) यस मापदण्ड बमोजिम राहत सामाग्री खरिद गर्दा प्रचलित कानुन बमोजिम गर्नु पर्नेछ ।

**७. राहत वितरणको विवरण अद्यावधिक गर्ने र सार्वजनिक गर्ने:** (१) यस मापदण्ड बमोजिम वडाबाट वितरण गरिएको राहत सामाग्रीको विवरण भर्पाई सहित वडाले अद्यावधिक गरी सुरक्षित राख्नु पर्नेछ ।

(२) यस मापदण्ड बमोजिम वितरण गरिएको राहतको विवरण दैनिक रुपमा सार्वजनिक गरी सो को दैनिक विवरण वडाले प्रमुखसमक्ष उपलब्ध गराउनु पर्नेछ ।

अनुसूचि १

(मापदण्डको दफा २ सँग सम्बन्धित)

**काठमाण्डौ महानगरपालिका कार्यालय**

**......नं. वडा कार्यालय**

**<u>असहाय, अति विपन्न तथा दैनिक ज्यालादारीमा काम गर्ने व्यक्तिको विवरण</u>**

१.नाम थरः- .....................................
२.स्थायी ठेगानाः- .....................................
३.अस्थायी ठेगानाः- .....................................
४.घरधनीको नाम थरः- ................................

५.कार्यरत क्षेत्रः- .........................................
६.परिवार संख्याः- ..................................

| क.सं. | नाम थर | नगरिकता /परिचयपत्र नं., साल र जारी जिल्ला | नाता | उमेर | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६. | | | | | |
| ७. | | | | | |
| ८. | | | | | |

**<u>निवदेक</u>**

**<u>विवरण प्रमाणित गर्ने वडा अध्यक्ष/सदस्य</u>**

नाम थरः- .............................  नाम थरः- .................

हस्ताक्षरः- ...............................  हस्ताक्षरः- ...............................

मोवाइल नं.:- ..............................  मोवाइल नं.:- ..............................

अनुसूचि २

(मापदण्डको दफा ४ सँग सम्बन्धित)

## राहत सामाग्रीको विवरण

**(क) एक व्यक्ति (एक हप्ता)**

| क्र.सं. | सामाग्रीको विवरण | परिणाम | लागत रु.मा | कफियत |
|---|---|---|---|---|
| १. | चामल | ४ किलो | | |
| २. | दाल | १ किलो | | |
| ३. | तेल | आधा लिटर | | |
| ४. | नुन | १ किलो | | |
| ५. | तरकारी (आलु, प्याज) | १ किलो | | |
| ६. | च्युरा | आघा किलो | | |
| | **जम्मा** | | | |

**(ख) दुई देखि चार जनासम्म सदस्य भएको परिवार (एक हप्ता)**

| क्र.सं. | सामाग्रीको विवरण | परिणाम | लागत रु.मा | कफियत |
|---|---|---|---|---|
| १. | चामल | १२ किलो | | |
| २. | दाल | २ किलो | | |
| ३. | तेल | आधा लिटर | | |
| ४. | नुन | १ किलो | | |
| ५. | तरकारी (आलु, प्याज) | ३ किलो | | |
| ६. | च्युरा | २ किलो | | |
| | **जम्मा** | | | |

**(ग) पाँच वा सो भन्दा माथि सदस्य भएको परिवार (एक हप्ता)**

| क्र.सं. | सामाग्रीको विवरण | परिणाम | लागत रु.मा | कफियत |
|---|---|---|---|---|
| १. | चामल | १६ किलो | | |
| २. | दाल | ३ किलो | | |
| ३. | तेल | १ लिटर | | |
| ४. | नुन | १ किलो | | |
| ५. | तरकारी (आलु, प्याज) | ४ किलो | | |
| ६. | च्युरा | ३ किलो | | |
| | **जम्मा** | | | |